यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैदौली, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

# सांकेतिक भाषा तालिम

## संचालनका लागि तयार पारिएको

# कार्यशर्त विवरण (Terms of Reference)

२०८१

**यशोधरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सामाजिक विकास शाखा**

**बैदौली, कपिलवस्तु**

यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृष्णनगर?, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

# सांकेतिक भाषा तालिम

## १. पृष्ठभुमी :

यशोधरा गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तरगत कपिलवस्तु जिल्लामा रहेको छ। यो गाउँपालिका कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखि दक्षिण तिर भारतको सीमा संग जोडिएको छ। यस गाउँपालिका अन्तरगत ८ वटा वडाहरु रहेका छन। राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको ४४९०० जनसंख्या रहेको छ। लै.स.सा.स. परिक्षण र LISA सूचकको आधारमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था कमजोर रहेको देखिनछ।

अपाङ्गता भएको व्यक्तिको हक अधिकार सम्बन्धि ऐन अनुसार १० प्रकारको अपाङ्गता र ४ प्रकारको बर्गिकरणको व्यवस्था गरेको छ। यशोधरा गाउँपालिकामा धेरै जसो शारिरीक अपाङ्गता, मानसिक अपाङ्गता, सुनाई सम्बन्धी अपाङ्गता, बोलाई सम्बन्धि अपाङ्गता आदि गरी ५०० भन्दा बढी अपाङ्गता रहेको छ। हामी बोल्ने सबै प्रकारको अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्दछ भने बहिराको लागि विशेष प्रकारको भाषाको आवश्यक्ता पर्दछ।

बहिरा अपाङ्गलाई घर परिवार तथा समुदायमा आफ्ना कुरा राख्न, क्रियाकलाप गर्न असहज रहेको छ। बहिरा भएको अपाङ्गताले विशेष प्रकारको सांकेतिक भाषा तालिम मार्फत घरपरिवार र समुदायमा संचार गर्न सक्छ। निजहरुको संचार सहजताको लागि सांकेतिक भाषा तालिम अति आवश्यक रहेको साथै बहिराहरुको अधिकार संग समेत जोडिएकोले यो कार्यक्रम धेरै आवश्यक रहेको छ।

## २. उद्देश्य :

- बहिरा अपाङ्गलाई सांकेतिक भाषाको तालिम प्रदान गर्ने।
- बहिरालाई तालिम मार्फत अधिकार प्रदान गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

- बहिराको घरपरिवार र समुदायमा सहजता प्रदान गर्ने ।
- अपाङ्गतामैत्री गाउँपालिका निर्माणमा टेवा पुरयाउने ।

**३. कार्यविधि :**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, १५ औं आवधिक योजना, दिगो विकासका लक्ष्यहरुमा लैंङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई महत्वका साथ सम्बोधन गरेको छ । कार्यालयमा कर्मचारीको अभाव, कार्य व्यस्थता र तालिमा ल्याब नरहेको कारणले मोबाईल मर्मत तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गर्न सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार यस क्षेत्रमा विज्ञता भएका विज्ञहरु, फर्म तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रस्तावना माग गर्ने तथा छनौट गरी काम गरिनेछ । यशोधरा गाउँपालिकाको तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ को अधिनमा रहि कार्यक्रमको बजेट शिर्षक अनुसार बाँडफाँड गरी स्वीकृत प्रस्तावना बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**४. कार्यक्रम तथा बजेट :**

यशोधरा गाउँपालिकाको आ. व. ०८०।८१ को लागि १३ औ गाउँ सभाबाट संशोधित बजेट तथा कार्यक्रममा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र तर्फ **सांकेतिक भाषा तालिम** कार्यक्रममा रु. २,००,०००।- (आन्तरिक श्रोत तर्फ) रकम विनियोजित रहेको छ ।

**५. लक्षित सहभागी :**

यशोधरा गाउँपालिका भित्रको बहिरा अपाङ्ग यस कार्यक्रमको लक्षित वर्ग हुन । २० जना बहिरालाई यस तालिम कार्यक्रममा सहभागि गराईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**६. संघ संस्था तथा फर्मको योग्यता र अनुभव :**

- दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी,
- मुल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपी,
- २०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
- मौजुदा सूचिमा दर्ता भएको सूचिकृत प्रमाण पत्रको प्रतिलिपी,
- समान प्रकृतिको कामको अनुभव भएको,
- संस्थाको कार्यानुभव र संस्थाको जनशक्तिको योग्यता एव अनुभवको विवरण र काम गर्ने मानविय श्रोतको वायोडाटा सहितको विवरण ।

**७. संघ संस्था तथा फर्म छनौटको आधार :**

कार्यक्रम संचालनका लागि सेवा प्रदायक संघ संस्था तथा फर्मबाट पेश भएका प्रस्तावहरुको मूल्यांकन प्रक्रिया देहायको आधार तथा तपशिलको अंकको सीमा ननाघ्ने गरी अंकभारको आधारमा मूल्याङ्कन गरी छनौट गरिनेछ :-

(क) खास कामको अनुभव - २५ अंक

(ख) संस्थागत क्षमता र स्थानीयता - २० अंक (१५ + ५ अंक)

(ग) जनशक्तिको योग्यता र अनुभव - २० अंक (१० + १० अंक)

(घ) लागत सहभागीता प्रतिशत तथा कागजात - १५ अंक (५ + १० अंक)

(ङ) न्यून लागत रकम - २० अंक

प्रमुख प्रशासकीय अधिकृत

**८. कार्यक्रमको मिति र सयम :**

सम्झौता हुने संघ संस्था वा फर्मले तालिम कार्यक्रम कम्तिमा १५ दिन सम्म सञ्चालन गर्नु पर्नेछ । यशोधरा गाउँपालिका भित्र सहभागीलाई सहज हुने स्थानमा तालिम सञ्चालन गर्नु पर्नेछ साथै सम्झौता पत्रमा उल्लेख हुने मिति र समयमा तालिम संचालन गरी सम्पन्न गर्नु पर्नेछ ।

**९. बजेट खर्च विवरण :**

यो कार्यक्रम संचालनको लागि संघ संस्थालाई कुनै प्रकारको पेश्की रकम उपलब्ध गराईने छैन । कार्यक्रममा लागि विनियोजित बजेट मध्ये सजहकर्ताको पारिश्रमिक, कार्यक्रम संयोजक र सहयोगी कर्मचारी भत्ता, खाजा, खाना, सहभागी भत्ता र यातायात खर्च, अनुगमन, स्टेशनरी, कोठा भाडा, हल भाडा, तालिम सामग्री खरिद तथा अन्य व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

**१०. कार्यक्रमको भुक्तानी व्यवस्था :**

संघ संस्था वा फर्मले सम्झौता अनुसार कार्यक्रम संचालन गरी सम्पन्न भएको प्रतिवेदन लगायत अन्य बिल भरपाई पेश गरेको आधारमा कार्यक्रमको खर्च भुक्तानी गरिनेछ ।

.....................
पेश गर्ने
कृष्ण नाथ पाण्डेय
अधिकृत

.....................
सदर गर्ने
रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत